# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश घोराही दाङ

**खण्ड ९ संख्या ८ स्थानीय राजपत्र भाग २ मिति २०८२।०४।१६**

### घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ (दोस्रो संशोधन २०८२)

**कार्यपालिकाबाट स्वीकृत मिति २०८२।०४।१५**

प्रस्तावनाः

घोराही उपमहानगरपालिकाको राजश्व तथा बजेट व्यवस्थापन शाखाबाट कार्यापालिकाको मिति २०८२।०४।१५ गते बसेको १७६औं बैठकमा संशोधन प्रस्ताव पेश भई उक्त प्रस्ताव कार्यपालिकाबाट पारित गरी यो घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ (दोस्रो संशोधन २०८२) जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यो कार्यविधिको नाम घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि २०७५ (दोस्रो संशोधन २०८२) रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **मुल कार्यविधिको दफा २ को उपदफा (२) मा देहाय बमोजिम संशोधन गर्ने।**

(२)[1] उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु राजश्व व्यवस्थापन शाखाले अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्नेछ।

३. मुल कार्यविधिको दफा २ को उपदफा (४)मा देहाय बमोजिम संशोधन गर्ने।

(४)[2] उपदफा (२) बमोजिमको प्रतिवेदन सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायीक फर्महरुको इजाजत पत्र घोराही उपमहानगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिमको दस्तुर लिइ राजश्व व्यवस्थापन शाखा प्रमुखबाट अनुसुची ३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गरिनेछ।

---

[1] दोस्रो संशोधनबाट संशो धत

[2] दोस्रो संशोधनबाट संशो धत

**४. मुल कार्यविधिको अनुसूची ५ को बुँदा नं. १लाई देहाय बमोजिम संशोधन गरिएको।**

[3]**१. आर्थिक क्षमताः** प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पुँजी देखाई कम्पनी रजिष्टारको कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा प्रचलित कानून बमोजिम दर्ता हुनुपर्ने अन्य निकायमा दर्ता भएको हुनुपर्नेछ।

**५. मुल कार्यविधिको अनुसूची ५को बुँदा नं. ३को (क) हटाइएको छ।**

अनुसूची ५ बुदा नं. ३.क.......................[4]

आज्ञाले<br>
ऋषिराम के.सी.<br>
प्रमुख प्रशासकीय अधिकृत

---

[3] दोस्रो संशोधन बाट संशो धत

[4] दोस्रो संशोधनबाट हटाइएको